चन्द्रेश्वर गाविस स्थित खजेपार्कमा आयोजना गरिएको

# सार्वजनिक सुनुवाई कार्यक्रम

# प्रतिवेदन

२०७३ कार्तिक २८

आयोजक:

# जिल्ला विकास समिति,लमजुङ

प्रतिवेदन तयार पार्ने: मनहरी सोती

## १.पृष्ठभूमि :-

जिल्ला स्थित सरकारी तथा गैर सरकारी संघसस्थाहरुले सेवाग्रहीहरुलाई प्रवाह गरेका सेवा तथा स्थानीय विकास निमार्ण सम्वन्धमा स्थानीय नागरिकहरुले कसरी लिई रहेका छन् । उनिहरुको गुनासो तथा प्रतिकृया के छ ? सेवा प्रवाहको सम्वन्धमा उनिहरुलाई परेका समस्या तथा जिज्ञासा के के छन् । भन्ने जनताको राय प्रतक्ष रुपमा बुझ्ने तथा प्राप्त प्रतिकृयाको आधारमा आगामि दिनहरुमा कमि कमजोरहरु सच्याँउदै प्रभावकारी तवरले सेवा प्रवाहगर्ने विषय नै सार्वजनिक सुनुवाईको उद्धेश्य हो । यसै क्रममा जिल्ला विकास समिति लमजुङको आयोजनामा यस जिल्लाको चन्द्रेश्वर गाविस खजेपार्क स्थित सार्वजनिक स्थलमा मिति २०७३ कार्तिक २८ गते शनिबारका दिन चन्द्रेश्वर, नेटा ,सिन्दुरे, धुसेनी, दुरडाँडा र पुरानकोट गाविसहरुलाई लक्षित गरि सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रमको प्रतिवेदन यस प्रकार रहेको छ ।

## २. उद्धेश्यहरु :-

**कार्यक्रम आयोजना गर्नुका उद्धेश्यहरु निम्नानुसार निर्धारण गरिएको थियो ।**

- जिल्ला विकास समितिले गरेका काम कारवाही,सेवा प्रवाह,साधन स्रोत, योजना एवम् कार्यक्रम जस्ता सार्वजनिक चासोका बिषय बारे सरोकारवाला एवं सेवाग्राहिलाई जानकारी गराउने ।
- जिल्लाका विषयगत कार्यालय खासगरि जिल्ला शिक्षा कार्यालय,जिल्ला जनस्वास्थ्य कार्यालय,जिल्ला पशुसेवा कार्यालय,जिल्ला कृषि विकास कार्यालय,महिला विकास कार्यालयको सेवा प्रवाह सम्वन्धमा समेत सुनुवाई गर्ने व्यवस्था मिलाउने ।
- सार्वजनिक चासोका बिषयमा नीति निमार्ण,योजना/बजेट तजुर्मा,निमार्ण गर्दा जनताको व्यापक सहभागिता प्रबर्द्धन गदैं लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्ने ।
- सरोकारवाला एवं सेवाग्रहिका पिरमर्का,गुनासाहरु पहिचान गरी समन्वयात्मक रुपमा उक्त गुनासाहरुको उचित व्यवस्थापन गर्ने ।
- सरोकारवाला एवं सेवाग्रहिका माग,पीरमर्का,गुनासाहरु के कति समाधान हुन सके र के कति कहाँबाट कसरी हुन सक्ने हो  विकल्पसहितको उपाय खोजी गर्ने ।
- उपभोक्ता समिति लगायतका सघंसस्थांले जिम्मेवारी लिई स्थानीय तहमा सञ्चालन गरिएका योजना तथा कार्यक्रमका लागि पारदर्शी तथा जवाफदेही बनाउन सहयोग पुऱ्याउने ।
- सेव प्रदायक र सेवा ग्राही बिच रहेको सम्वन्धलाई अझ नजिक बनाउने ।
- सरकारि कार्यालयहरुबाट हुने सेवा प्रवाहलाई प्रभावकारी र पारदर्शि बनाउदै श-ुसासनमा सहयोग पुऱ्याउने ।
- सरोकारवाला एवं सेवाग्राहिका माग, पीरमर्का, गुनसाहरु के कति समाधान हुन सके र के कति कहाँ बाट कसरी हुन सक्ने हो विकल्पसहितको उपय खोजी गर्ने ।

**३.कार्यक्रम संचालन मिति,स्थान र समय :-**

उक्त सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७३/०७/२८ गते शनिबारका दिन चन्द्रेश्वरगाविस -५ खजेपार्कको प्राङ्गणमा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रम दिनको १२.१५ बजेदेखि ५.१० बजे सम्म सञ्चालन गरिएको थियो । कार्यक्रमको अध्यक्षता नेटा गाविसका सचिव/अध्यक्ष श्री ज्ञानेन्द्र मराशिनी ले गर्नुभएको थियो भने ,कार्यक्रम सञ्चालन जिल्ला विकास समितिका कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेलले सञ्चालन गर्नु भएको थियो । त्यस्तै पास नेपालका अध्यक्ष श्री प्रेमराज पोखरेलले कार्यक्रमको उद्धेश्य, बहिरगमन अभिमतबाट उठेका सबाल , नागरिक अभिमत बाट उठेका सवालहरु र आचारसहिता बारे जानकारी गराउनु भएको थियो ।

**४.कार्यक्रममा सहभागिहरु :-**

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्री मोहन बहादुर जि.सी , जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी श्री शेखर पौड्याल, प्रहरी नायव उपरिक्षक श्री समीरचन्द्र खरेल, राष्ट्रिय अनुसन्धन प्रमुखश्री कुल बहादुर खड्का, जिल्ला पशुसेवा कार्यालयका श्री डा.लक्ष्यमण ढकाल , जिल्ला मालपोत कार्यालयका श्री हरिहर दाहल, जिल्ला नापि कार्यालयका श्री डिल्ली बहादुर ओली ,जिल्ला प्राविधिक कार्यालयका श्री प्रसाद गुरुङ ,नेट गाविसका सचिव,गाविसहरुका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, आमा समुहहरु, उपभोक्ता समितिहरु, वडा नागरिक मञ्चका संयोजकहरु, नागरिक समाज, शिक्षक, पत्राकार साथै अन्य गरि १५५ जनाको उपस्थिती रहेको थियो ।

**५.कार्यक्रम व्यवस्थापन :-**

सार्वजनिक सुनुवाई कार्यक्रम व्यवस्थापनमा जिल्ला विकास समितिका कार्यक्रम अधिकृत, स्थानीय शासन तथा सामुदायिक कार्यक्रम श्री शिव रेग्मी र सामाजिक परिचालक मनहरी सोतीले व्यवस्थापन कार्यमा सहयोग गर्नु भएको थियो ।

**६.उपस्थित सरकारी कार्यालयहरु :-**

जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, जिल्ला प्रहरी कार्यालय, राष्ट्रिय अनुसन्धान कार्यालय ,जिल्ला पशुसेवा कार्यालय, जिल्ला मालपोत कार्यालय र जिल्ला नापि कार्यालयहरुको उपस्थिती रहेको थियो ।

**७. सेवा ग्राहिहरुको प्रतिकृया संकलन :-**

यस कार्यक्रममा निम्न सेवाग्राहि नागरिकहरु बाट निम्नानुसारका सुझाव,जिज्ञासा र गुनासा तथा विचारहरु आएका थिए ।

**श्री महेन्द्र अधिकारी चन्द्रेश्वर -३**

१.खानेपानिको अभाव छ ? पानिका स्रोतहरु प्रशस्त छन् तर उपभोग गर्न पाएको छैन ? पानिको स्रोत कसको हो ? पिउने पानिलाई व्यवस्थित गर्न के के गर्न सकिन्छ ।

२.प्रारम्भिक स्वास्थ्य केन्द्रमा डा. नियमित हुदैनन् । ल्याव छैन ? दरवन्दि अनुशार कर्मचारी पुराहुन सकेको छैन ? प्रारम्भिक स्वास्थ्य केन्दबाट कसरि सुबिधा लिन सकिन्छ ।

३.गाविसका सचिवहरु लाई कसरि नियमित बनाउन सकिन्छ ।

४. ५ लाख भन्दा माथिका योजना ठेक्का प्रणलीले बिकराल स्थिती ल्यायो ।

५.पशुसेवा कार्यालयमा प्रविधिक नियमित छैनन् । प्रविधियुक्त प्रविधिक छैनन् ? औषधिहरु पाइन्न के गर्ने हो ।

**श्री कृष्णराज खनिया, दुरडाँड -३**

१. जिविसले ठेक्का दिएको योजनाको स्थानीय तहमा कुनै जानकारी नै हुदैन । त्यस योजनाको अनुगमनमा नागरिकको कस्तो भूमिका रहन्छ ।

२. पाणिनी हुँदै र्भोलेटार जाने मोटरबाटो यस वर्ष किन ,कसरि छुट्यो ।

३. ठूला ठूला व्यवसायिक फर्म खोल्ल नसक्ने गरिव किसानका लागि चाहिने सामान्य सुविधा कसरि प्रभावकारि वनाउन सकिन्छ ।

**श्री ठाकुर प्रसाद तिवारी चन्द्रेश्वर -३**

१.प्रहरि चौकिका लागि निशुल्क जग्गा उपलब्ध गराउदा समेत भवन बन्न सकेन किन ?

२.सत्रसय -अर्चलेनी-नेटा-पाणिनी सडक स्तरउन्नती गरिनुपर्‍यो ।

३. भुकम्पपिडित लाई कहिले र कसरि हुन्छ ।

४. यस प्रहरी कार्यालयमा महिला प्रहरिको व्यवस्था गरियोस् ।

**श्री हरिकृष्ण न्यौपाने, दुरडाँड -५**

१.जुगेपानि -मिलनचोक-चियानपाटा सडकको काम सकिएपछि किन होर्डिङ बोर्ड राख्ने गरिन्छ ।

**श्री कृषिकान्त खनाल -पुरानकोट**

१.पुर्णक्षती र आंशिक क्षितिको रेकर्ड र अनुगमन प्रभावकारी भएन ? राहत वितरण र प्राप्ती न्यायचित भएन ।

२.भीर खण्डको बाटो कहिले देखि संचालन गरिन्छ ।

**श्री देविजंग दुरा चन्द्रेश्वर -५**

१. नमुना सचेतना केन्द्रको भवन अधुरो छ ,त्यसलाई केहि रकम थप गरि बाँकि काम सम्पन गरिदिनु पऱ्यो ।

२. पर्यटन रोयल्टी मार्फत प्राप्त खजेदुरा पार्क निमार्णकाय बाँकि भएको हुँदा अधुरोकाम सम्पन गरिदिन अनुरोध ।

३.बेपत्ता नागरिकका आफन्तले के कस्ता सुविधा पाउछन् ?जानकारी गरिदिनु पऱ्यो ।

**श्री प्रकाश न्यौपाने चन्द्रेश्वर -५**

१. १४ रोपनी जमिन बाझो छ बारम्वार जिल्ला पशुकार्यालयमा सम्पर्क गर्दा कुनै पनि घाँसको बिउबिजन उपलब्ध गर्न सकिएन के पाइदैन ।

२. यस क्षेत्रमा रहेको प्रहरी चौकीलाई इलाका चौकी बनाईयोस ।

३. प्रारम्भिक स्वास्थ्य केन्द्रमा पानिको अभाव छ , सुत्केरी गराएपछि हात धुने पानि छैन् समस्या समाधन कसले गर्नेहो ।

४.चन्द्रेश्वर बजारक्षेत्रमा सार्वजनिक जाग्गा मिचिएको छ । जिल्ला नापि कार्यालयले यस समस्याको समाधान गरिदिनु पर्छ ।

**श्री मिना अधिकारी**

१. महिला विकास कार्यालय मार्फत यसबर्ष यस इलाकामा के के कार्यक्रम सञ्चालन गरिन्छ जानकारी पाउन सकिएन ।

**श्री असिम अधिकारी चन्द्रेश्वर गाविस**

१.जिल्ला शिक्षा कार्यालयले चन्द्रेश्वर उ.मा.वि.को खाता बन्द गरिदियो किन ?

२.लिफटिङ्ग प्रणलीद्धार भए पनि खानेपानिको व्यवस्था गरियोस् ।

**श्री गोकुल दुरा -सिन्दुरे ६**

१.दुराडाडा मौजाका ६ गाविसलाई नगरपालिकामा वा गाँउपालिकामा जहाँ राखेपनि एकै स्थानमा राखियोस् ।

२.मिदिम खोलामा तटवन्धन गरियोस् ।

३.तुर्लुकोट कालिकामा पञ्चवलिको लागि रकम विनियोजन गरियोस् ।

५.सडक नमार्ण गर्दा भत्काईएका कुलो निमार्ण गरियोस् ।

६.जलाधार क्षेत्रमा पानीका स्रोतहरुको संरक्षण गरियोस् ।

**श्री देविबहादुर दुरा -सिन्दुरे १**

१.दुरा/गुरुङ थर सच्याउन वा मिलाउन के के गर्न सकिन्छ ।

**श्री तेज प्रसाद न्यौपाने**

१.कृषि विकास वैकंले गाँउको जग्गा लोनमा राखि ऋण दिदैन किन ?

२.भूकम्पपिडित सबैलाई समान व्यवहार किन भएन ।

३. जिल्ला कृषि कार्यालयले माटो सर्वेक्षण गरि कस्तो बाली राम्रो हुन्छ जानकारी गराउनु पर्छ ।

**श्री वासना न्यौपाने तिमलसेना**

१.जिल्ला प्रशासन कार्यालयमा पूर्णक्षती भनेर पठाइएको मुचुल्का किन छुट्यो ।
२. सबै पूर्णक्षती भनि उपलब्ध गराईएका रातो कार्ड पाउने रकम पाएनन् किन ?

**८.सेवाप्रदाय संस्थाहरुबाट स्पष्ट पार्ने र प्रतिवद्धता व्यक्त गर्ने कार्य :-**

सेवाग्राहिहरुबाट जिज्ञासा,गुनासा,र सुझाब प्राप्त भै सकेपछि उठेका सवालहरुमा आ-आफ्नो कार्यालय सगं सम्वन्धित बिषयवस्तुहरुमा सम्वन्धित कार्यालय प्रमुख तथा प्रतिनिधिहरुले स्पष्ट पार्ने,जवाफ दिने कार्य भएको थियो । आएका कतिपय सुझावहरुलाई मनन् गरि आगामि दिनमा सच्याँउदै लैजाने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको थियो । अत्यमा सार्वजनिक सुनुवाईका अध्यक्ष श्री ज्ञानेन्द्र मराशिनी ले कार्यक्रमको समापन गर्नु भएको थियो ।

**समाप्त**